# थबाङ गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०८३।०८४
च.नं.:

## सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञानद्वारा मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबादेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/ चट्याङ/ हावाहुरीसहित भारी देखि धेरै भारी वर्षा तथा एक दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना छ।

त्यसैगरी, कोशी, मधेश, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन / चट्याङ् / हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। यस अवधिमा देशका अधिकांश स्थानमा मेघगर्जन / चट्याङ्ग सहित मध्यमसम्म वर्षाको सम्भावना छ। विभागका अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा विकसित न्यून चापीय क्षेत्र हाल बङ्गालको खाडीको मध्य भू-भाग आसपासमा रहेको छ र उक्त प्रणाली थप शक्तिशाली बन्दै बलियो न्यून चापीय क्षेत्र भई पश्चिम – उत्तरपश्चिम दिशातिर सर्ने देखिन्छ र यसको प्रभावले बुधबार देखि नै कोशी, बागमती र गण्डी प्रदेशका केही स्थानहरुमा मध्यम सम्मको वर्षाको सम्भावना समेत रहेको छ। भारी देखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो तथा शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकाले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि निम्न कार्य गर्न/ गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- उक्त अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्ने।
- स्थानीय तह, सम्बन्धित वडा विपद व्यवस्थानप समिति तथा वडा कार्यालय, सुरक्षा निकाय, स्वयंसेवक लगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिम भएका राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधन तयारी अवस्थामा राख्ने।
- वडा विपद् व्यवसथापन समिति, स्वयंसेवकले पूर्वसूचना/ चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।
- आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/ नदी किनारका बस्तीका बासिन्दाहरु बढी चनाखो हुने।
- वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्ने। साथै, विपदमा मद्दत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर ११४, स्थानीय विपद् सम्पर्क व्यक्ति ९८६५२८६७६९ , प्रमुख प्रशासकीय अधिकृत ९८५७८२४७५०, अध्यक्ष, ९८४५७१७७९२, उपाध्यक्ष ९८४५४७१२४४, सूचना अधिकारी ९८४९८८६६५७, इम्बुलेन्स सेवा ९८५१२२९५७३ मा सम्पर्क गर्ने।
- नेपाल मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अधावधिक पूर्वानुमान / पूर्वसूचना / चेतावनी सम्बन्धी जानकारी लिइरहनु हुन अनुरोध छ।

***मितिः २०८३ असोज ०६ गते, मंगलबार***

.............................
गणेश वि क
प्रमुख प्रशासकीय अधिकृत
गणेश वि.क.
प्रमुख प्रशासकीय अधिकृत